# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### (शिक्षा युवा तथा खेलकुद शाखा)

मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

**सूचना प्रकाशित मिति: २०८३/८/२३**

**करार शिक्षक पद पुर्तिका लागि विज्ञ सूचीकरण गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस धर्मदेवी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा तहगत साथै विषयगत (प्राथमिक,निम्न माध्यमिक र माध्यमिक तह) शिक्षक दरबन्दी रिक्त रहेको रहेको अवस्थामा विषयगत शिक्षकको आवश्यकता तथा शैक्षिक गुणस्तर अभिवृद्धिको उद्देश्यलाई मध्यनजर गर्दै प्रचलित कानुन, नियम तथा सम्बन्धित मापदण्ड बमोजिम आवश्यकता अनुसार करार सेवामा शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्य, दक्ष, अनुभवी तथा सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेका व्यक्तिहरूलाई **विज्ञका रूपमा सूचीकरण** गर्नुपर्ने भएको छ। अतः शिक्षक छनोट तथा नियुक्ति प्रक्रियालाई निष्पक्ष, पारदर्शी, विश्वसनीय, प्रतिस्पर्धात्मक एवं गुणस्तरमुखी बनाउन देहाय बमोजिमको योग्यता तथा अनुभव भएका इच्छुक विज्ञहरूले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

**(क) आवश्यक न्यूनतम योग्यता तथा अनुभव**

१. सम्बन्धित विषय वा तहमा विज्ञका रूपमा कार्य गर्न प्रचलित कानुन बमोजिम तोकिएको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।

२. सम्बन्धित शैक्षिक तह, विषयगत शिक्षण, शिक्षक छनोट, शैक्षिक प्रशासन, परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण वा शैक्षिक गुणस्तर मूल्याङ्कन सम्बन्धी क्षेत्रमा अनुभव हासिल गरेको हुनुपर्नेछ।

३. सम्बन्धित तहमा **अस्थायी तथा स्थायी सेवा अवधिसमेत गणना गर्दा जम्मा कम्तीमा ५ (पाँच) वर्षको सेवा अनुभव** भएको हुनुपर्नेछ। सेवा अनुभव पुष्टि हुने आधिकारिक प्रमाणपत्र वा अभिलेख अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

४. सम्बन्धित क्षेत्रको ज्ञान, सीप, व्यावसायिक दक्षता, कार्यसम्पादन क्षमता तथा विषयवस्तुको विश्लेषण गर्ने क्षमता भएको हुनुपर्नेछ।

५. प्रचलित कानुनबमोजिम विज्ञका रूपमा कार्य गर्न अयोग्य नठहरिएको हुनुपर्नेछ।

**(ख) पेस गर्नुपर्ने कागजातहरू**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि।
- सम्बन्धित विषय वा क्षेत्रमा हासिल गरेको अनुभव खुल्ने प्रमाणपत्र।
- अस्थायी तथा स्थायी सेवा अवधि पुष्टि हुने नियुक्तिपत्र, सेवा प्रमाणित कागजात वा सम्बन्धित निकायबाट जारी गरिएको आधिकारिक अभिलेख।
- अद्यावधिक व्यक्तिगत विवरण (बायोडाटा)।
- सम्बन्धित क्षेत्रमा हासिल गरेका अन्य तालिम, विशेषज्ञता खुल्ने प्रमाण भए सोको प्रतिलिपि।

प्रकाश गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### (शिक्षा युवा तथा खेलकुद शाखा)
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी,प्रदेश, नेपाल

**(ग) विज्ञ सूचीकरणको प्रक्रिया**

प्राप्त निवेदन तथा कागजातहरूको अध्ययन, योग्यता र अनुभवको परीक्षण एवं आवश्यक मूल्याङ्कनका आधारमा न्यूनतम योग्यता पुगेका शिक्षकहरुलाई विज्ञ सूचीमा समावेश गरिनेछ। सूचीकरणका क्रममा शैक्षिक योग्यता, विषयगत दक्षता, कार्यानुभव, पेसागत विश्वसनीयता तथा सम्बन्धित क्षेत्रको विशेषज्ञतालाई प्राथमिकता दिइनेछ।

**(घ) विज्ञको जिम्मेवारी**

सूचीकृत विज्ञले आवश्यकता अनुसार करार शिक्षक छनोट तथा नियुक्ति सम्बन्धी प्रक्रियामा शैक्षिक योग्यता र विषयगत उपयुक्तताको मूल्याङ्कन, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता तथा नतिजा प्रमाणीकरण जस्ता कार्यमा निष्पक्ष, वस्तुनिष्ठ र व्यावसायिक भूमिका निर्वाह गर्नुपर्नेछ।

**(ङ) निवेदन पेस गर्ने स्थान तथा समय**

**स्थान:** धर्मदेवी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, मुढेशनिश्चरे, संखुवासभा।

**अन्तिम मिति:** सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र। विचमा सार्वजनिक विदा भएमा कार्यालय खुलेको सयममा निवदेन पेस गर्न सकिने छ।

**सम्पर्क:** शिक्षा, युवा तथा खेलकुद शाखा धर्मदवीनगरपालिका,सङ्खुवासभा।

**<u>अन्य सर्तहरू</u>**

१. म्याद नाघी प्राप्त भएका, अपूर्ण वा आवश्यक प्रमाण नपुगेका निवेदन माथि कारबाही गर्न कार्यालय बाध्य हुने छैन।
२. पेस गरिएका विवरण तथा प्रमाणपत्र झुट्टा वा भ्रामक ठहरिएमा सम्बन्धित व्यक्तिको नाम सूचीबाट हटाउन सकिनेछ।
३. यस सूचनामा उल्लेख नभएका विषयमा प्रचलित कानुन तथा नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

...............................
प्रकाश गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश गुरुङ
प्रमुख प्रशासकीय अधिकृत